नियम सङ्ख्या: ३५

# पशुपन्छी विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७६

स्वीकृत मिति-२०७७।०८।२६

आय आर्जन कार्यक्रम (गरिब, विपन्न तथा आर्थिक अवस्था कमजोर भएको परिवारको लागि) सञ्चालन गर्नेको लागि बाणगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४को दफा ४(१) बमोजिम यो पशुपन्छी विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७६ बनाई लागू गरिएको छ ।

१. आय आर्जन बाख्रापालन कार्यक्रम

१.१ परिचय :

गरिब, विपन्न तथा आर्थिक अवस्था कमजोर भएको परिवारको लागि आय आर्जन कार्यक्रमको रुपमा बाख्रापालन कार्यक्रम सञ्चालन गरी त्यस्ता परिवारहरूको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

१.२ उद्देश्य :

- आय आर्जनमा वृद्धि भइ आर्थिक अवस्थामा सुधार हुने ।
- रोजगारीको सिर्जना भइ गरिबी न्यूनीकरणमा सहयोग हुने ।
- खाद्य सुरक्षामा सहयोग हुने ।

१.३ कार्यक्रम सञ्चालन गर्ने क्षेत्रको छनोट :

- घाँस/चरन क्षेत्र तथा डाले घाँस प्रशस्त भएको ।
- पशु स्वास्थ्य सेवा सहज उपलब्ध हुन सक्ने ।
- बजार/बिजुली/बाटोको सुविधा भएको ।
- परम्परादेखि बाख्रापालन फस्टाएको क्षेत्र ।
- स्थानीय जातको बाख्राको बाहुल्यता भएको स्थान ।

१.४ बाख्रापालन कार्यक्रम सञ्चालनको लागि समूह/समिति गठन :

कार्यक्रम सञ्चालनको लागि स्थान छनोट भइ सकेपछि उक्त स्थानमा बाख्रापालन समूह/समिति गठन गर्नु पर्नेछ । प्रत्येक समूहमा पशु सेवा शाखाले तोकेको १ जना प्राविधिक पदेन सदस्य हुनेछ । १० जना गरिब, विपन्न तथा आर्थिक अवस्था कमजोर भएको कृषकको ५ वटा समूह गठन गर्ने र प्रत्येक समूहबाट २/२ जना कृषकको प्रतिनिधित्व हुने गरी जम्मा १० जना कृषक र पशु सेवा शाखाले तोकेको एक जना प्राविधिकसमेत गरी जम्मा ११ जनाको पशु सेवा कार्य समिति गठन हुनेछ। र बाँकी सदस्यहरू उक्त समितिको साधारण सदस्य रहने छन् । आय आर्जन कार्यक्रम अन्तर्गत सञ्चालन हुने बाख्रापालन कार्यक्रमको सम्पूर्ण जिम्मेवारी बाख्रापालन पशु सेवा कार्य समितिको हुनेछ । समूह/समिति गठन गर्दा लाग्ने स्टेसनरी/खाजा तथा अन्य व्यवस्थापनको खर्चको लागि आवश्यक पर्ने रकम आर्थिक नर्मस अनुसार हुनेछ ।

१.५ पशु सेवा कार्य समितिको काम, कर्तब्य तथा अधिकार :

- बाख्रापालन कार्यक्रम सञ्चालन गर्दा परी आएका समस्याहरूको पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउने र आफ्नो श्रोत र साधनलाई ध्यानमा राखी समितिले आफ्नो वार्षिक कार्यक्रम तयार गर्ने ।
- समितिभित्रका सबै बाख्राहरूलाई उपचार/परजीवी नियन्त्रण/खोपको ब्यवस्था मिलाउने ।

- समितिभित्र रहेका बाख्राहरूको अभिलेख राख्ने ।
- प्रत्येक सदस्यहरूलाई मौसम अनुसारका घाँसहरू लगाउन लगाई पशु आहारामा सुधार ल्याउने ।
- समितिभित्र रहेका सबै सदस्यहरूबाट उत्पादित खसी/बोकाको बिक्री ब्यवस्था मिलाउने ।
- बाख्रालाई बधुवा गरी पालन गर्ने ब्यवस्था मिलाउने ।
- बाख्राहरूको विमा अनिवार्यरुपले गराउने ।
- समितिको प्रोफाइल तयार गर्ने ।

१.६ बाख्राको खोर निर्माण अनुदान :

- कृषकहरूले स्थानीय श्रोत र साधनबाट खोर निर्माण गर्नु पर्नेछ ।
- खोर निर्माण गर्दा पशु सेवा प्राविधिकको सर–सल्लाह अनुसार गर्नु पर्नेछ ।
- खोर निर्माण गर्दा आवश्यक पर्ने किला, कांटी, जाली आदि आवश्यक सामग्रीहरू खोर निर्माणको लागि कार्यक्रम बजेट शीर्षकमा बिनियोजन भएको अनुदान रकम नियमानुसार दिनु पर्नेछ ।

१.७ बाख्रा/बोका वितरण :

आय आर्जन बाख्रापालन कार्यक्रम अन्तर्गत पशु सेवा कार्य समितिमार्फत प्रत्येक सदस्यहरूलाई २/२ वटा प्रजनन् योग्य स्थानीय जातको बाख्रा र प्रत्येक समूहहरूमा १/१ वटा उन्नत जातको बोक वितरण गरिनेछ । प्रत्येक १.५ वर्षमा उक्त बितरित बोका समूहहरूमा साटासाट गर्नु पर्नेछ ।

१.८ साटासाट व्यवस्थापन :

समितिभित्रका कृषकहरूलाई वितरण गरिएको प्रजनन योग्य बाख्राहरूबाट १.५ वर्षभित्र उत्पादन भएको २ वटा पाठीहरूलाई ६ महिना हुर्काएर पशु सेवा शाखाले अर्को स्थानमा गठन गरेको बाख्रापालन समूह/समितिका कृषकहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

१.९ खरिद गरी वितरण गरिने बाख्रा/बोकाका मापदण्डहरू :

१.९.१ बाख्राको मापदण्ड :

- कम्तिमा ९ महिना उमेर पुगेका वा अगाडिको २ वटा स्थायी दांत भएको हुनु पर्ने ।
- स्वस्थ र प्रजनन् योग्य हुनुपर्ने ।
- दुई वा दुईभन्दा बढी पाठापाठी जन्माउनेको सन्तान हुनुपर्ने ।
- कल्चौडा र थुन मिलेको तथा पाठापाठी हुर्काउन सक्ने हुनुपर्ने ।
- बाख्राको तौल कम्तिमा १५ के.जी. हुनुपर्ने ।
- बाख्रा वितरण गर्दा स्थानीय जातको बाख्रा वितरण गर्नुपर्ने ।
- खरिद गरिने बाख्राको आमाको तौल २६ के.जी. र बाउको तौल ३० के.जी. हुनुपर्ने ।

१.९.२ बोकाको मापदण्ड :

- १देखि १.५ वर्ष पुगी अगाडिको २ वटा स्थायी दांत भएको हुनु पर्ने ।
- दुई वा दुईभन्दा बढी पाठापाठी जन्माउनेको सन्तान हुनुपर्ने ।
- स्वस्थ र प्रजनन् क्षमता भएको हुनुपर्ने ।
- अण्डकोष एकै आकार प्रकार भएको हुनुपर्ने ।
- खरिद गरिने बाख्राको आमाको तौल २६ के.जी. र बाउको तौल ३० के.जी. हुनुपर्ने ।

- बोकाको तौल कम्तिमा २५ के.जी. हुनुपर्ने ।
- बोका खरिद गर्दा उन्नत जातको खरिद गरी वितरण गर्नुपर्ने ।

१.१० पशु स्वास्थ्य तथा खोप सेवा :

पशु सेवा शाखाले पशु सेवा कार्य समितिमार्फत बाख्राहरूको लागि उपचार/परजीवी नियन्त्रण/भिटामिन/मिनरल/खोप आदि उपलब्ध गराउनु पर्नेछ ।

१.११ ट्यागिङ्ग गरी अभिलेख राख्ने :

पशु सेवा शाखाले आय आर्जन बाख्रापालन कार्यक्रम सञ्चालन भएको क्षेत्रमा वितरण गरिएको बाख्रा/बोकाहरूमा ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ । बाख्रा/बोकाहरूमा लगाउने ट्यागको खरिद बजार मूल्य अनुसार तथा लगाउने कार्यको लागि प्रति ट्यागको रु. ५०।को दरले प्राविधिकलाई भुक्तानी दिनु पर्नेछ ।

१.१२ बाख्रापालन तालिम :

पशु सेवा शाखाले आय आर्जन बाख्रापालन कार्यक्रममा सहभागी सबै सदस्यहरूलाई १ दिने स्थलगत तालिम सञ्चालन गर्नु पर्नेछ । उक्त तालिमको लागि स्टेसनरी/खाजा तथा अन्य व्यवस्थापनको खर्चको रकम आर्थिक नर्मस अनुसार भुक्तानी गर्नु पर्नेछ ।

१.१३ समितिको प्रोफाइल :

पशु सेवा शाखाले आय आर्जन बाख्रापालन कार्यक्रम सञ्चालन भएको समितिको प्रोफाइल तयार गर्नु पर्नेछ । उक्त कार्यको लागि इन्धन, स्टेसनरी तथा अन्य मसलन्दको लागि रु.२०००। प्राविधिकलाई भुक्तानी दिनु पर्नेछ ।

२. आय आर्जन कुखुरापालन कार्यक्रम

२.१ परिचय :

ग्रामीण गरिबहरूको रोजगार वृद्धि तथा आय आर्जनको लागि कुखुरापालन व्यवसाय अत्यन्त लोकप्रिय र आयमूलक भएको हुदां कुखुरापालनमा महिलालाई बढीभन्दा बढी सहभागी गराई उनीहरूको रोजगारी र आय वृद्धि गराउनको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२ उद्देश्य :

- आय आर्जनमा वृद्धि भइ आर्थिक अवस्थामा सुधार हुने ।
- रोजगरीको सिर्जना भइ गरिबी न्यूनीकरणमा सहयोग हुने ।
- खाद्य तथा पोषण अवस्थामा सुधार हुने ।

२.३ कार्यक्रम सञ्चालन गर्ने क्षेत्रको छनोट :

- पशु स्वास्थ्य सेवा सहज उपलब्ध हुन सक्ने ।
- बजार/बिजुली/बाटोको सुविधा भएको ।
- कुखुरापालनको लागि उपर्युक्त स्थान भएको ।

२.४ कुखुरापालन कार्यक्रम सञ्चालनको लागि समूह/समिति गठन :

कार्यक्रम सञ्चालनको लागि स्थान छनोट भइ सकेपछि उक्त स्थानमा कुखुरापालन समूह/समिति गठन गर्नु पर्नेछ । प्रत्येक समूहमा पशु सेवा शाखाले तोकेको १ जना प्राविधिक पदेन सदस्य

हुनेछ । १० जना गरिब, विपन्न तथा आर्थिक अवस्था कमजोर भएको कृषकको ५ वटा समूह गठन गर्ने र प्रत्येक समूहबाट २/२ जना कृषकको प्रतिनिधित्व हुने गरी जम्मा १० जना कृषक र पशु सेवा शाखाले तोकेको एक जना प्राविधिकसमेत गरी जम्मा ११ जनाको पशु सेवा कार्य समिति गठन हुनेछ। र बाँकी सदस्यहरू उक्त समितिको साधारण सदस्य रहने छन् । आय आर्जन कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुखुरापालन कार्यक्रमको सम्पूर्ण जिम्मेवारी कुखुरापालन पशु सेवा कार्य समितिको हुनेछ । समूह/समिति गठन गर्दा लाग्ने स्टेसनरी/खाजा तथा अन्य व्यवस्थापनको खर्चको लागि आवश्यक पर्ने रकम आर्थिक नर्मस अनुसार हुनेछ ।

२.५ पशु सेवा कार्य समितिको काम, कर्तब्य तथा अधिकार :

- कुखुरापालन कार्यक्रम सञ्चालन गर्दा परी आएका समस्याहरूको पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउने र आफ्नो श्रोत र साधनलाई ध्यानमा राखी समितिले आफ्नो वार्षिक कार्यक्रम तयार गर्ने ।
- समितिभित्रका सबै कुखुराहरूलाई उपचार/परजीवी नियन्त्रण/खोपको ब्यवस्था मिलाउने ।
- समितिभित्र रहेका कुखुराहरूको अभिलेख राख्ने ।
- कुखुरालाई अर्ध बन्देज खोर प्रणालीबाट पालन गर्ने ब्यवस्था मिलाउने ।
- समितिको प्रोफाइल तयार गर्ने ।

२.६ कुखुराको खोर निर्माण अनुदान :

- कृषकहरूले स्थानीय श्रोत र साधनबाट खोर निर्माण गर्नु पर्नेछ ।
- खोर निर्माण गर्दा पशु सेवा प्राविधिकको सर–सल्लाह अनुसार गर्नु पर्नेछ ।
- खोर निर्माण गर्दा आवश्यक पर्ने किला, कांटी, जाली आदि आवश्यक सामग्रीहरू खोर निर्माणको लागि कार्यक्रम बजेट शीर्षकमा बिनियोजन भएको अनुदान रकम नियमानुसार दिनु पर्नेछ ।

२.७ कुखुराको चल्ला वितरण :

आय आर्जन कुखुरापालन कार्यक्रम अन्तर्गत पशु सेवा कार्य समितिमार्फत प्रत्येक सदस्यहरूलाई १०/१० वटा सरकारी फार्महरूबाट उत्पादित उन्नत जातको ८ हप्ते अष्ट्रोलप, न्युह्म्पशायर वा दुबै जातको क्रस चल्ला नि : शुल्क वितरण गर्नु पर्नेछ ।

२.८ चल्ला ढुवानी :

श्रोत केन्द्रबाट गठन गरिएको समूह/समितिसम्म चल्ला ढुवानी गर्दा स्थानीय दररेट अनुसार गर्नु पर्नेछ ।

२.९ खरिद गरी वितरण गरिने कुखुराको मापदण्डहरू :

- चल्ला उन्नत जातको अष्ट्रोलप, न्युह्म्पशायर वा दुबै जातको क्रस चल्ला हुनु पर्नेछ ।
- सरकारी फार्म वा सरकारी फार्मको प्रत्येक्ष निगरानीमा ब्रुडर कृषकले हुर्काएको हुनु पर्नेछ ।
- हुर्काईएको चल्लालाई आवश्यक खोप (रानीखेत/फाउलपक्स/गम्बोरो) लगाई सकेको हुनु पर्नेछ ।
- ब्रुडिङ्ग गर्दा ४ हप्ते हुर्काइएका चल्लाको लागि ५ प्रतिशत मृत्युदर र ८ हप्ते हुर्काईएका चल्लाको लागि १० प्रतिशत मृत्युदरभन्दा बढी मृत्युदर हुनेछैन् ।
- दुई वा दुईभन्दा बढी पाठापाठी जन्माउनेको सन्तान हुनुपर्ने ।

- कल्चौडा र थुन मिलेको तथा पाठापाठी हुर्काउन सक्ने हुनुपर्ने ।
- बाख्राको तौल कम्तिमा १५ के.जी. हुनुपर्ने ।
- बाख्रा वितरण गर्दा स्थानीय जातको बाख्रा वितरण गर्नुपर्ने ।
- खरिद गरिने बाख्राको आमाको तौल २६ के.जी. र बाउको तौल ३० के.जी. हुनुपर्ने ।

२.१० पशु स्वास्थ्य तथा खोप सेवा :

पशु सेवा शाखाले पशु सेवा कार्य समितिमार्फत कुखुराहरूको लागि उपचार/परजीवी नियन्त्रण/भिटामिन/मिनरल/खोप आदि उपलब्ध गराउनु पर्नेछ ।

२.११ कुखुरापालन तालिम :

पशु सेवा शाखाले आय आर्जन कुखुरापालन कार्यक्रममा सहभागी सबै सदस्यहरूलाई १ दिने स्थलगत तालिम सञ्चालन गर्नु पर्नेछ । उक्त तालिमको लागि स्टेसनरी/खाजा तथा अन्य व्यवस्थापनको खर्चको रकम आर्थिक नर्मस अनुसार भुक्तानी गर्नु पर्नेछ ।

२.१२ समितिको प्रोफाइल :

पशु सेवा शाखाले आय आर्जन कुखुरापालन कार्यक्रम सञ्चालन भएको समितिको प्रोफाइल तयार गर्नु पर्नेछ । उक्त कार्यको लागि इन्धन, स्टेसनरी तथा अन्य मसलन्दको लागि रु.२०००। प्राविधिकलाई भुक्तानी दिनु पर्नेछ ।

३. पशु प्रजनन सेवा कार्यक्रम

३.१ प्राकृतिक गर्भाधान सम्बन्धी कार्यविधि :

- गत वर्षहरूमा वितरित उन्नत राँगो, साढे, बोकाबाट के कति मात्रामा वर्णशंकर बाच्छी/पाडी/पाठी उत्पादन भइ प्रत्येक्षरुपमा गाई/ भैंसीले दुध उत्पादनमा तथा पाडा/खसी/ बोकाले मासु उत्पादनमा सहयोग पुर्‍याएको सो सम्बन्धी तथ्याङ्कको अभाव भएको हुनाले प्राकृतिक गर्भधान सम्बन्धी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्ने ।
- पशु सेवा शाखाले हालसम्म प्रजननको लागि वितरित उन्नत साँढे/राँगा/बोकाको पूर्ण विवरणसहित निर्देशित फर्मेटमा रेकर्ड आध्यावधिक गरी आफ्नो कार्य क्षेत्रको भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय र पशु प्रजनन कार्यालयमा मासिक रुपले प्रगति उपलब्ध गराउने ।
- पशु सेवा शाखाले ३ महिनाभित्र उपर्युक्त प्राकृतिक गर्भाधान सेवाको गर्भ परीक्षण गरी गर्भाधान भए नभएको प्रगति प्रतिवेदन मासिक रुपमा कृ.ग.को प्रगति प्रतिवेदन जस्तै अनिवार्य रुपमा सम्बन्धित निकायमा पठाउने ।
- उपर्युक्त कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन वार्षिक प्रतिवेदन पुस्तिकामा अनिवार्य रुपमा प्रकाशन गर्ने ।
- प्रा.ग. सेवा कार्यक्रम अन्तर्गत प्रा.ग.सेवा, गर्भ परीक्षण, ब्याएको अभिलेखसमेत समेटी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ र सो बापत एकमुष्ट बजेट रकम विनियोजित गरिएको छ ।

३.२ कृत्रिम गर्भाधान सम्बन्धी कार्यविधि :

- कृत्रिम गर्भाधान सेवा अनिवार्य रुपमा नगरपालिकाभरि सञ्चालन गर्ने ।

- कृ.ग.इन्सेमिनेटरले अनिवार्यरुपमा लाइसेन्स प्राप्त गरेको हुनुपर्ने र कृ.ग.लाइसेन्स विना कृ.ग.सेवा सञ्चालन गर्न नपाइने ।
- कृ.ग.गरेपछि अनिवार्य रुपले कृ.ग. फार्म पशुधनीलाई दिने र १ प्रति शाखामा पठाउने ।
- प्रजनन रेकार्ड इन्सेमिनेटर वाइज प्रत्येक महिनामा शाखामा रिपोर्टिङ्ग गर्ने ।
- निजीस्तरका इन्सेमिनेटरहरूलाई कृ.ग. सेवा गर्न तरल नाइट्रोजन र फ्रोजन सिमेन खरिद गर्न शाखा सरह सुविधा प्रदान गर्ने ।
- गर्भ परीक्षण र ब्याउने दररेट अनिवार्य रुपमा सबै इन्सेमिनेटरहरूले मासिक रुपमा पठाउन पर्ने, नपठाउने इन्सेमिनेटरहरूलाई तरल नाइट्रोजन र फ्रोजन सिमेन उपलब्ध गराइने छैन ।

३.३ इन्सेमिनेटर इजाजत पत्र :

- इन्सेमिनेटरको इजाजत पत्र लिने परीक्षामा सामेल हुन मान्यता प्राप्त संस्थाबाट न्युनतम पशु विज्ञान विषयमा जे.टि.ए. तालिम वा सो सरहको योग्यता हाँसिल गरी कृत्रिम गर्भाधान तालिम प्राप्त गरेको हुनु पर्नेछ ।
- इन्सेमिनेटरहरूको कृत्रिम गर्भाधान सङ्ख्यामा आधारित ल्याउने दररेटमा सुधार ल्याउन पहिलो पटक २ हप्ते कृ.ग. तालिम, दोश्रो तथा तेश्रो वर्षमा पुनर्ताजगी कृत्रिम गर्भधाना तालिम (१ हप्ते) राष्ट्रिय पशु प्रजनन कार्यालयले पशु सेवा तालिम केन्द्रमार्फत प्रदान गर्ने छ ।
- इन्सेमिनेटरहरूको कार्यक्षमता मूल्याङ्कन गर्नको लागि देहायमा उल्लिखित कृत्रिम गर्भाधान सङ्ख्याको आधारमा ब्याउने दररेट निर्धारण गरिएको छ ।

  प्रथम पटक इजाजतपत्र लिएको आर्थिक वर्षमा घटीमा ३०% ब्याउने दररेट हुनु पर्नेछ ।

  इजाजत पत्र लिको दोश्रो आर्थिक वर्षमा घटिमा ४०% ब्याउने दररेट हुनु पर्नेछ ।

  इजाजत पत्र लिएको तेश्रो आर्थिक वर्षमा घटीमा ५०% ल्याउने दररेट हुनु पर्नेछ ।

  माथि उल्लिखित ब्याउने दररेटको आधारमा मात्र इजाजत पत्र नवीकरण गर्ने छ ।

३.४ सिमेन खरिद

स्वेदेशी सिमेन तथा अन्य मुलुकबाट आयातित सिमेन स्वीकृत दररेटमा राष्ट्रिय पशु प्रजनन कार्यक्रमबाट नगदमा मात्र खरिद गर्ने तथा आफ्नो शाखाको स्टोरमा दाखिला गरी आम्दानी खर्चको विवरण अद्यावधिक राख्ने ।

३.५ तरल नाइट्रोजन खरिद

निर्धारित दररेटमा राष्ट्रिय पशु प्रजनन कार्यालयले नगदमा मात्र नगरपालिकाको पशु सेवा शाखामा तरल नाइट्रोजन उपलब्ध गराउने छ । तरल नाइट्रोजन खरिद गर्ना स्वीकृत शाखाको बजेट रकमबाट खरिद गरी आफ्नो शाखाको स्टोरमा दाखिला गरी आफ्नो खर्चको विवरण आध्यवधिक राख्ने ।

३.६ कृ.ग.सिथ, ग्लोब, रेनकोट, ब्याग तथा अन्य सामग्री खरिद

- कृत्रिम गर्भाधान गर्नको लागि आवश्यक पर्ने सिथ, ग्लोब, रेनकोट, ब्याग, रेफ्री, गन आदि सामग्रीहरू बजारमा उपलब्ध दररेटमा दर्तावाला पसलबाट स्वीकृत कार्यक्रम बजेटको रकमबाट खरिद गरी सो सामग्रीहरूको आफ्नो शाखामा दाखिला गरी आम्दानी खर्चको विवरण अद्यावधिक गरी राख्ने ।

३.७ कृ.ग.को प्राविधिक नर्मस

| सि.नं. | विवरण | परिमाण |
|---|---|---|
| १ | तरल नाइट्रोजन | |
| १.१ | प्रति व्यक्ति कृ.ग.को लागि २ ली.को रेफ्री प्रत्येक ५ दिनमा भर्दा वर्षभरिमा ७३ पटक २.५ लि(वाष्पिकरणसमेत) भर्न आवश्यक तरल नाइट्रोजन लिटरमा | १८५ |
| १.२ | जमेको वीर्य संरक्षण गर्भका लागि ५ ली.को सिमेन रेफ्रीमा शाखाले वर्षभरिमा ५५ पटक, प्रत्येक पटक ५ ली. (वाष्पिकरणसमेत) भर्नका लागि चाहिने तरल नाइट्रोजन लीटरमा | २७५ |
| २ | व्हाइट गमबुट १ जोरको खर्च वर्षेनी | १ |
| ३ | ओभरअल वर्ष भरिको लागि थान | १ |
| ४ | टवेल वर्ष भरिको लागि थान | १ |
| ५ | साबुन वर्ष भरिको लागि गोटा | १२ |
| ६ | रेनकोट वर्ष भरिको लागि थान | १ |
| ७ | प्रत्येक इन्सेमिनेटरले कम्तिमा ४०० कृ.ग. गर्भ र १०० उपचारको लागिसमेत गरी ५०० पोलिथिन सिथ | ५०० |
| ८ | प्रत्येक इन्सेमिनेटरले कम्तिमा ४०० कृ.ग. गर्भ र १०० उपचारको लागिसमेत गरी ५०० ग्लोब | ५०० |
| ९ | व्यागिङ्ग थान (ब्याउने जनावरमा) ४० प्रतिशत कृ.ग.को | १६० |
| १० | ७० प्रतिशत अल्को हल ४५० एम.एल.को बोतल | ५ |
| ११ | कटन रोल ४०० ग्राम | ३ |
| १२ | स्टेसनरी थान(प्रति कृ.ग. २ थान कार्ड) | ८०० |
| | | |

३.८ सिमेन मोटालिटी तथा टुटफूटको नर्मस

| सि.नं. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | प्रत्येक १ महिनामा एक पटक सिमेन गुणस्तर जाँच गर्नको लागि कृ.ग. लक्ष्यको अधिकतम सिमेन खर्च | २ प्रतिशत |
| २ | सिमेन ह्याडलिङ्ग गर्दा टुट फूट बापत गरेको कृ.ग. सङ्ख्याको | |
| | २ प्रतिशत | |
| | | |

४. पशु आहार सेवा कार्यक्रम

४.१ चरन तथा पशु आहारा विकास कार्यक्रम:

४.१.१ घाँसे बाली उत्पादन तथा चरन विकास कार्यक्रमको कार्यनिति :

- नगरपालिका भरिमा घाँसे बाली उत्पादन, चरन तथा पशु आहारा विकास कार्यक्रमको कार्ययोजना शाखाले तयार गर्ने ।
- हिउँदे/वर्षे/बहु वर्षीय उन्नत घाँसेबाली उत्पादन प्रविधिलाई कृषक/समूह/समितिमा पुर्‍याई बाह्रै महिना हरियो घाँस उत्पादन गर्न प्रोत्साहित गरी कृषकहरूमा जागरुकता ल्याउने ।
- गुणस्तरीय घाँसेबाली बिउ बेर्ना उत्पादन र बिक्री वितरण व्यवस्थापन गर्न निजीक्षेत्रको सहभागीतामा सम्झौता र समन्वय गरी बिउको माग तथ आपुर्ती व्यवस्थामा नियमन गर्ने ।
- निजीस्तरमा उत्पादन हुने पशुपन्छीहरूको दानाको गुणस्तर नियन्त्रण गर्नमा सहयोग गर्ने ।
- स्थानीयस्तरमा पाइने भूई घाँस, पराल, ढोड, छ्वाली जस्ता न्यूनस्तरका पशु आहाराको गुणस्तर तथा पौष्टिक स्तर बढाई स्थानीय पशु आहारा श्रोतको उपयोगिता बढाउन उन्नत जातका घाँसको विकास गर्ने ।
- खेर गई रहेको वनपाखा, सामुदायिक वन, बगैंचा, सडक छेउछाउँ, नदी तटबन्ध तथा बाँझो पर्ति जग्गाहरूमा सुहाउँदो घाँस लगाई घाँस विकास गर्ने ।

४.२ घाँसे बाली विकास कार्यक्रम :

- नगरपालिका अन्तर्गत रहेको पशु सेवा शाखाबाट नि:शुल्क रुपमा वडा कार्यालयहरू तथा शाखामार्फत वितरण गरिएका मौसम अनुसारको घाँसको बिउ बिजनहरू सम्बन्धित पशुपालक कृषकहरूले लगाए नलगाएको अनुगमन पशु सेवा शाखाले गर्नु पर्नेछ ।
- शाखाबाट नि:शुल्क रुपमा वितरण गरिने हिउँदे, वर्षे तथा बहुवर्षीय घाँसका बिउ बेर्नाहरू स्वीकृत कार्यक्रम बजेटको परिधिभित्र रही स्थानीय अवस्थालाई सुहाँउदो र कृषकहरूको माग अनुसार परिवर्तन गर्न सकिने छ । कुनै एक प्रकारको घाँसे बालीको सट्टामा सोही प्रकृतिको अर्को घाँसे बाली प्रयोग गर्न सकिने छ ।
- यस कार्यक्रम अन्तर्गत व्यवसायिक रुपमा पशुपालन गरी रहेका पशु फर्महरूलाई घाँसका बिउ बेर्नाहरू ५०% अनुदानमा उपलब्ध गराउन सम्बन्धित शाखाबाट नै आवश्यक सूचना टाँस गरी व्यवस्था गर्नु पर्नेछ ।

४.३ घाँस सम्बन्धी प्राविधिक नर्मस :

| क्र.सं. | घाँसको नाम | इकाइ | बिउ के.जी./हे. | दररेट |
|---|---|---|---|---|
| | हिंउदे | | | |
| १ | जै घाँसको बिउ | हेक्टर | १०० — १२० | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| २ | वर्षिम बिउ | हेक्टर | २० — २५ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| ३ | भेच बिउ | हेक्टर | २० — २५ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| | वर्षे | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | टियोसेन्टी | हेक्टर | ३५ — ४० | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| २ | सुडान | हेक्टर | १० — १५ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| ३ | बाजरा | हेक्टर | १० — १२ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| ४ | मकै | हेक्टर | ३० — ३५ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| ५ | दिनानाथ | हेक्टर | १० — १२ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| | बहु वर्षीय | | | |
| १ | नेपिएर | हेक्टर | १०, ००० सेट्स | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| २ | स्टाईलो | हेक्टर | ५ — ६ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| ३ | मोलासेस | हेक्टर | ५ — ६ | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |
| ४ | मुलाटो | हेक्टर | १५, ००० सेट्स | स्थानीय बजारको चलन चल्ती दररेट अनुसार |

५. पशु स्वास्थ्य सेवा कार्यक्रम

परिचय :

पशु पालन व्यवसायमा विभिन्न रोगहरूको कारण मृत्यु भइ कृषकहरूले ठूलो नोक्सानी बेहोर्नु परीरहेको छ । यसरी भइ रहेको नोक्सानीलाई कम गर्नका लागि उपचार सेवालाई प्रभाकारी रुपमा सञ्चालन गर्न आवश्यक हुन्छ ।

उद्देश्य :

रोगी पशुपन्छीहरूको उपचार गरी पशु स्वास्थ्य संरक्षण एवम् पशुजन्य उत्पादन अभिवृद्धि गराई कृषकहरूको आर्थिक अवस्थामा सुधार ल्याउने ।

कार्यविधि :

- नगरपालिका अन्तर्गत रहेको पशु सेवा शाखामा उपचारार्थ ल्याइएको पशुपन्छीहरू दर्ता गरी स्वास्थ्य परीक्षण, रोग निदान एवम् आवश्यक औषधी उपचार गर्ने ।
- यस कार्यक्रमको लागि आवश्यक पर्ने औषधी तथा सामग्रीहरू स्वीकृत कार्यक्रम बजेटको औषधी खरिद शीर्षकमा छुट्याईएको रकमबाट खरिद गर्न सकिने छ ।
- उपचार गर्न ल्याईएका पशुपन्छीलाई निम्नानुसार वर्गीकरण गरी राखिएको अभिलेखलाई मासिक

प्रगति प्रतिवेदनमा समावेश गरी सम्बन्धित निकायमा अनिवार्यरुपले पठाउने ।

क) मेडिकल उपचार (Medical Treatment) : शल्यचिकित्सा नगरिकनै औषधीको मात्र प्रयोगद्वारा उपचार गर्न सकिने जस्ता रोग अवस्थाहरू यस सेवा अन्तर्गत पर्दछन् ।

ख) माइनर सर्जिकल उपचार (Minor Surgical Treatment) : साधारण घाउ खटिराको सरसफाइ, औंसा परेको, पशु बन्ध्याकरण, झन्काह र पिलो जस्ता लोकल एनेस्थेटिकको भरमा साधारण शल्य चिकित्सा पद्धित अपनाई पुर्‍याउन सकिने सेवाहरू यस अन्तर्गत पर्दछन् ।

ग) मेजर सर्जिकल उपचार (Major Surgical Treatment) : जनरल एनेस्थेसियाको प्रयोग गरी शरीरका विभिन्न क्याभिटी र अङ्गप्रत्यङ्गहरू खोल्नु पर्ने जस्ता विशेष शल्य चिकित्सा पद्धति अपनाई गरिने अप्रेशनहरू यस सेवा अन्तर्गत पर्दछन् ।

घ) गाईनाको लोजीकल उपचार (Gynecological Treatment) : स्त्री जातीका पशुहरूको प्रजनन प्रणालीका रोग अवस्थाहरूको मेडिको सर्जिकल उपचार पद्धति अपनाई प्रदान गरिने सेवा हरू यस अन्तर्गत पर्दछन् ।

६. प्रयोगशाला सेवा कार्यक्रम

परिचय:

पशु स्वास्थ्य सेवाको मेरुदण्डको रुपमा रहेको रोग निदान सेवा क्रमिकरुपमा नगरपालिका भरिका सम्पूर्ण वडाहरूमा पुर्‍याउने नीति अनुसार हाललाई पशुपालन क्षेत्रमा अगाडि आएका वडा तथा निकट भबिष्यमा पशुपालन व्यवसाय फस्टाउन सक्ने सम्भावित वडाहरू एंव भौतिक पूर्वाधार जस्तै बाटो, बिजुली/सञ्चार आदिको राम्रो विकास भएका वडाहरूमा प्राथमिक प्रयोगशाला सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

उद्देश्य

प्रयोगशाला सेवालाई सरल, सहज र प्रभावकारी बनाई रोग निदान सेवाको क्षमतामा अभिवृद्धि गरी पशुहरूको संरक्षण एवम् सम्बर्द्धन गर्ने ।

कार्यविधि

- पशु सेवा शाखामा उपचार गराउन ल्याइएका पशुहरूबाट प्रयोगशाला जाँचको लागि नमुना सङ्कलन गर्ने ।
- रोग फैलिएको समयमा उपयुक्त नमुना उपयुक्त तरिकाले सङ्कलन गर्ने ।
- मृत पशुहरूको पोष्टमार्टम परीक्षण गरी नमुना सङ्कलन गर्ने ।
- संकलित नमुनाहरूको सम्भव भए जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट परीक्षण गराई निदान गर्ने ।
- जिल्लामा रोग निदान गर्न सम्भव नभएमा उपयुक्त नमुनाहरू सकंलन गरी उपयुक्त तरिकाले सम्बन्धित प्रयोगशालाहरूमा सकेसम्म चाँडै पठाउने ।
- पशु सेवा शाखामा उपचार गराउन ल्याइएका बिरामी पशुहरूको गोबर, पिसाब, रगत, छाला, दुध आदिको परीक्षण गर्दा कम्तिमा २०%को अनुपातमा अनिवार्यरुपमा प्रयोगशाला परीक्षण गरिएको हुनु पर्नेछ ।

- प्रयोगशालामा श्रोत र साधन जुटाई मानव दक्षता अभिवृद्धि गर्दै जाने ।

पशु सेवा शाखाको प्रयोगशालाले सञ्चालन गर्ने कार्यक्रमहरू :

क) गोबर परीक्षण (Routine Faecal Examination): पशु सेवा शाखाले Floatation/ Sedimentation विधिबाट गोबर जाँच गर्ने ।

ख) पिसाब परीक्षण ( Routine Urine Analysis): Multi Stick विधि तथा सूक्ष्म दर्शकयन्त्रको प्रयोगबाट पिसाब परीक्षण गर्ने ।

ग) रगत परीक्षण (Blood Examination): Total Erythrocyte Count, Total Leucocyle Count, Differential Leucocyte Count, Haemoglobin Estimation, Packed Cell Volue, ESR तथा रक्तपरिजीवि निदानको लागि रगतको Smear बनाई Gjemsa Stain गरी Microscope द्वारा परीक्षण गर्ने ।

घ) थुनेलो परीक्षण (Mastitis Test): Mastitis रोग निदानको लागि California Mastitis Test (CMT) वा Sodium Lauryl Sulphate Test (SLST) गर्ने ।

ङ) छालाको रोग निदान ( Skin Scarping Examination): Manage, mites तथा Fungusको रोग निदानको लागि उपयुक्त तरिकाले नमुना सङ्कलन गरी १०% Potassium Hydroxide or १०% Sodium hydroxide मा तताई Microscope द्वारा परीक्षण गर्ने ।

च) शव परीक्षण (Post-Mortem Examination) : शव परीक्षणको लागि ल्याईएका पशुपंक्षीहरूको शव परीक्षण गरी उपयुक्त नमुनाहरू सङ्कलन गरी प्रयोगशालामा परीक्षण गरी/ गराई रोग निदान गर्ने ।

छ) नमुना सङ्कलन तथा प्रेषण (Sample Collection and Dispatch): पशु सेवा शाखा स्थित प्रयोगशालाले रोग निदान गर्न सम्भव नभएका परीक्षणहरूको लागि उपयुक्त नमुनाहरू सङ्कलन गरी उपयुक्त तरिकाले सम्बन्धित प्रयोगशालामा पठाउने ।

७. रोग नियन्त्रण सेवा

७.१ एपिडेमिक नियन्त्रण (Epidmic Control):

नगरपालिकाभित्रका पशुहरूमा महामारी फैलिएको समयमा निरीक्षण गरी अनिवार्य रुपमा एपिडेमिक अन्वेषण गर्ने । सङ्कलन गरिएका नमुनाहरू शाखा स्थित प्रयोगशाला इकाइमा परीक्षण गरी रोग निदान गरी प्रभावकारी उपचार तथा नियन्त्रण सेवा उपलब्ध गराउने । शाखामा नमुना परीक्षण गर्न सम्भव नभएमा उपयुक्त नमुनाहरू सङ्कलन गरी उपर्युक्त तरिकाले सकेसम्म चाँडैं पशु रोग अन्वेषण प्रयोगशालामा पठाउने । महामारी सम्बन्धी सूचना सकेसम्म छिटो छरितो माध्यमद्वारा सम्बन्धित निकायमा दिन/शाखाको आफ्नो साधन र श्रोत परिचालनबाट मात्रै रोग नियन्त्रण गर्न नसकिने अवस्थामा सम्बन्धित निकायहरूमा थप सहयोगको लागि माग गर्ने।

७.२ स्थान विशेषको रोग नियन्त्रण

परिचय :

केही रोगहरू स्थान विशेषमा खास समयमा देखा पर्ने गरेको पाइएका छन् । त्यस्ता रोगहरूको समेत विस्तृत अन्वेषण गरी प्रभावकारी नियन्त्रण सेवा सञ्चालन गर्न आवश्यक देखिन्छ ।

उद्देश्य :

स्थान विशेषमा देखिने रोगहरूको विस्तृत अध्ययन गरी प्रभावकारी उपचार तथा नियन्त्रण सेवा उपलब्ध गराउने ।

कार्य विधि :

- स्थान विशेषका रोगहरू (खरी, कुर्मी, डेगनाला, विभिन्न परजिविहरू आदि)का सम्बन्धमा पशु सेवा शाखाले हालसम्म भएका कार्यहरूको सिंहावलोकन (Review) गर्ने ।
- सो अध्ययन र रोग फैलिएको ठाँउको स्थलगत निरीक्षणको आधारमा नियन्त्रणको कार्यविधि तयार गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने ।
- शाखाबाट नियन्त्रण हुन नसक्ने रोगहरूको लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु रोग अन्वेषण प्रयोगशाला तथा सम्बन्धित निकायमा सम्पर्क गर्ने ।

७.३ रोग निरोधक खोप (Preventive Vaccination)

परिचय :

पशुपंक्षीहरूमा देखिने बहुसङ्ख्यक संक्रामक रोगको संक्रमण भइ सकेपछि औषधीको प्रयोगबाट उपचार गर्न कठिन हुन्छ । यस्ता रोगहरू विरुद्ध उपयुक्त समयमा नियमित खोप लगाई त्यस्ता रोगहरूको नियन्त्रण गर्न आवश्यक हुन्छ ।

उद्देश्य:

नियमित रुपमा देखा पर्ने संक्रामक रोगहरू विरुद्ध खोप लगाई रोग नियन्त्रण गर्न सहयोग गर्ने ।

कार्यविधि :

- पशु सेवा शाखाले आफ्नो लक्ष्य अनुसारको मात्रा स्वदेशमा उत्पादित खोपहरू स्टकिस्ट वा तिनका डिलरबाट खरिद गर्नु पर्नेछ । डिलर वा स्टकिस्टबाट उपलब्ध हुन नसकेको अवस्थामा मात्र पशु स्वास्थ्य महाशाखाको सिफारिसमा केन्द्रीय जैविकी उत्पादन प्रयोगशालाबाट उपलब्ध गराउन सकिनेछ ।
- शाखा प्रमुखले समयसमयमा आफ्नो क्षेत्र नजिक नियमानुसार अनुबन्धित भइ खडा भएका स्टकिस्ट वा तिनीहरूले तोकेका डिलरहरूलाई आवश्यक समयमा माग बमोजमको मात्रामा खोप संचय र वितरण गर्न लगाउने र समय समयमा अनुगमन गरीको ल्डचेन र वितरण ठीक भए/ नभएको सम्बन्धित निकायमा जानकारी गराउने ।
- विभिन्न स्थान र समयमा खोप कार्यक्रम छरेर गर्नुको सट्टा निश्चित स्थान र समय तोकी Strategic/ Tactical Vaccination गर्ने ।
- विभिन्न वित्तीय संस्थाको ऋण वा अनुदानमा वितरित तथा विभिन्न पशुहरूलाई नियमित र अनिवार्य भ्याक्सिनेसन सेवा उपलब्ध गराउने ।
- शाखाले विभिन्न भ्याक्सीनहरू (एच.एस. एण्ड वि.क्यू., खोरेत, रेबिज तथा अन्य आवश्यक भ्याक्सीनहरू) खरिद गर्नको लागि विनियोजित रकम शीर्षकमा छुट्टाइएको बजेटबाट खरिद गरी नगरपालिका भरिको पशुपंक्षीहरूमा नि:शुल्क भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गर्ने ।

- भ्याक्सिनेसन कार्यको लागि शाखाले सूचना प्रकाशित गरी भ्याक्सीनेटरको नियुक्ति प्रक्रिया अनुसार गरी कार्य सम्पन्न गराउने र भ्याक्सीनेटरको पारिश्रमिक भ्याक्सीन शीर्षकमा बजेट व्यवस्था गरी सोहीबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- उपर्युक्त जिम्मेवारी पूरा भए/नभएको कार्यको अनुगमन पशु सेवा शाखाले गर्नु पर्नेछ ।

८. भेटेरिनरी प्रचार प्रसार कार्यक्रम

८.१ गोष्ठी/ बैठक

८.१.१ जुनोटिक रोग/पशुपन्छी बिमा/पशुपन्छी विकास कार्यसँग सम्बन्धित अन्य गोष्ठी/बैठक

परिचय

पशुपंक्षीहरूमा पाइने कतिपय रोगहरू रोगी पशुपंक्षीसँगको सम्पर्क, लसपस, दुध, फुल, मासु र हावाको माध्यम वा र मानिसहरूमा सर्दछन् । यस्ता रोगहरू बारे पशुपालन क्षेत्रमा कार्यरत व्यवसायी, जनस्वास्थ्यसँग संबद्ध व्यक्तिहरू, संघ/संस्था, छात्र/छात्रा, शिक्षक र स्थानीय प्रतिनिधिसँग अर्न्तक्रिया गरी उनीहरूको चेतनामा अभिवृद्धि गरेर जुनोटिक रोग नियन्त्रणलाई प्रभावकारी बनाई जनस्वास्थ्यको संरक्षण गर्नु पर्नेछ । पशुपन्छी बिमा बारे पशुपालक कृषकहरूमा जनचेतना जगाई पशुपन्छीहरूको बिमा अनिवार्यरुपले गराउनु पर्नेछ । त्यस्तै पशुपन्छी विकाससँग सम्बन्धित अन्य कार्यहरूको बारेमा आवश्यकता अनुसार गोष्ठी/बैठक सञ्चालन गर्नु पर्नेछ ।

उद्देश्य

- पशुपंक्षीबाट मानिसमा सर्ने रोगहरूका विभिन्न पक्षबारे जनचेतना अभिवृद्धि गरी रोग नियन्त्रण कार्यमा सहयोग पुर्‍याउने ।
- स्वच्छ एंब स्वस्थ पशुजन्य पदार्थ उत्पादनमा सहयोग पुर्‍याउने ।
- पशुपन्छीबाट कृषकहरूमा हुने आर्थिक नोक्सानीलाई कम गर्ने ।
- पशुपन्छीहरूको विकासको लागि आवश्यक छलफल गरी कार्ययोजना तर्जुमा गर्न सहयोग हुने ।

कार्यविधि :

८.१.१.१ स्कुल शिक्षा कार्यक्रम (School Teaching Programmed)

- सम्बन्धित निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।
- यो कार्यक्रम विद्यालयहरूमा गई कक्षा सञ्चालनको रुपमा सञ्चालन गर्नु पर्नेछ ।
- आठ/नौ/दशको विद्यार्थीहरू र बढीभन्दा बढी शिक्षकहरूलाई यो कार्यक्रम सहभागी गराउनु पर्नेछ।
- विषयको छनोट गर्दा सम्बन्धित क्षेत्रमा विद्यमान जुनोटिक रोगलाई प्राथमिकता दिनु पर्नेछ ।
- सो रोगबारे कार्यपत्र तयार गरी वितरण गर्नु पर्नेछ ।
- यसको लागि नियमानुसार खर्च गर्न सकिने छ ।
- कार्यक्रम सम्पन्न भइ सकेपछि त्यसको प्रतिवेदन सम्बन्धित निकायलाई अनिवार्य पठाउनु पर्नेछ ।
- खर्चका आधारहरू :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | कक्षा लिए बापत प्रशिक्षक भत्ता | स्वीकृत वार्षिक कार्यक्रम बजेटको परिधिभित्र रही बाणगङ्गा नगरपालिकाबाट स्वीकृत भएको तालिम, गोष्ठी लगायतका कार्यक्रमहरुको आर्थिक नर्मस अनुसार हुने |
| २. | कार्यपत्र छपाई र फोटोकापी खर्च | |
| ३. | कक्षा सञ्चालनको लागि अन्य शैक्षिक सामग्री | |
| ४. | खाजा/खाना/स्टेसनरी खर्च (६० जना सहभागी) | |
| ५. | अन्य व्यवस्थापन खर्च (इन्धन, दै.भ्र.भत्ता, आतेजाते खर्च तथा अन्य व्यवस्थापन खर्च) | |
| | जम्मा | |

८.१.१.२ नगरस्तरीय गोष्ठी/बैठक कार्यक्रम (Municipality Level Seminar)

- यो गोष्ठी नगरपालिकामा पशु सेवा शाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।
- नगरपालिका क्षेत्रभित्र पशुपन्छीहरूमा देखिएको रोग/समस्या तथा अन्य विषयवस्तुको आधारमा पशु सेवा शाखा प्रमुखले गोष्ठी/बैठकको विषय तोक्नु पर्नेछ ।
- विज्ञान विषयका शिक्षकहरू, जनस्वास्थ्य अधिकृत तथा चिकित्सकहरू, नगरपालिकाको शिक्षा शाखाको प्रमुख, जनस्वास्थ्यमा चासो राख्ने गैह्र सरकारी संस्थाका व्यक्तिहरू, नगरपालिकाका जनप्रतिनिधिहरू वा पदाधिकारीहरूलाई सहभागी गराउनु पर्नेछ ।
- कार्यक्रम बनाउन र प्रस्तुतिकरण गर्न सम्बन्धित विषय विशेषज्ञ वा शाखा प्रमुखबाट गराउनु पर्नेछ
- विषय विशेषज्ञलाई दैनिक भ्रमण भत्ता दिनुपर्ने भएमा कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट ब्यहोर्नु पर्नेछ ।
- गोष्ठी/बैठकमा सहभागी हुनेहरूलाई १ दिनको दै.भ्र.भत्ता र आतेजाते भाडा खर्च वा बजेट रकम कम भएमा दुबैमध्ये एक मात्र दिनु पर्नेछ ।
- आवश्यकता अनुसार तालिम हल र बिद्युत्तीय उपकरण भाडामा स्थानीय दररेटमा लिन सकिने छ ।
- कार्यक्रम सम्पन्न भइ सकेपछि त्यसको प्रतिवेदन सम्बन्धित निकायमा अनिवार्यरुपमा पठाउनु पर्नेछ

८.२ शिविर र दिवस

८.२.१ रोग नियन्त्रण कार्यक्रम

परिचय :

पशुपंक्षीहरुमा विभिन्न प्रकारका रोगहरूले संक्रमण गरेको पाइन्छ । यस्ता रोग जीवाणु, विषाणु तथा परजीविबाट भएको पाइन्छ । परजीविहरू आन्तरिक र बाह्य प्रकृतिका हुन्छन् । यी परजीविहरूबाट हुने रोगहरू नियन्त्रण

गर्नको लागि कृषकस्तरमै नियन्त्रण प्रदर्शन गरेर प्रचार प्रसार गर्नु अति लाभदायक हुन्छ । जसको फलस्वरुप पशुपंक्षीहरुको क्षति हुनबाट बचाई उत्पादकत्वमा वृद्धि गर्न सकिन्छ । अत : यस्ता रोग नियन्त्रण प्रदर्शन कार्यक्रमहरू कृषकस्तरमा बढी फलदायी हुन्छन् ।

उद्देश्य :

समुचित प्रविधिको प्रयोगद्वारा आन्तरिक परजीविहरू, बाह्य परिजीविहरू र अन्य आर्थिक दृष्टिको णले महत्वपूर्ण रोगहरूको नियन्त्रण गरी पशुवस्तुहरूको उत्पादन तथा उत्पादकत्वमा आएको ह्रासलाई घटाई उत्पादनमा वृद्धि गर्न सकिन्छ भन्ने कुरा कृषकहरूलाई देखाई यस्ता प्रविधिहरू अपनाई कृषकहरूलाई फाइदा लिन प्रोत्साहन गर्ने ।

कार्यविधि :

८.२.१.१ आन्तरिक परजीवि नियन्त्रण कार्यक्रम:

- यो कार्यक्रम पशुसेवा शाखाले नगरपालिकाभित्रका वडा कार्यालयहरूको सहभागीता र समन्वयमा सञ्चालन गर्नुपर्नेछ ।
- आन्तरिक परजीविहरूको बढी प्रकोप हुन सक्ने पकेट क्षेत्रमा रहेको कूल पशु सङ्ख्याको कम्तिमा २०% पशुहरूको गोबर परीक्षण गरी परजीविहरूको किसिम निक्र्यौल गरेर ३०% भन्दाबढी पशुहरूमा कुनै परजिविको प्रकोप पाइएको पकेट क्षेत्रको छनोट गर्नु पर्नेछ ।
- गोबर परीक्षण गरी परजीविको प्रकोप निक्र्यौल गर्न पशु सेवा शाखाले सहयोग मागेमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सहयोग पुर्‍याउन पर्नेछ ।
- सो परजीवि विरुद्ध प्रयोग हुने Anthelminticsको उपयोग गरी Mass Drenching कार्यक्रम वर्षको दुई पटक ( ठूला पशुहरूमा नाम्ले नियन्त्रण गर्नुपर्ने भएमा भा› र फागुनमा र भेडा/बाख्राहरूमा गोलो जुका नियन्त्रण गर्न Incidence Profile अनुसार Drenching गर्ने ।
- यो कार्यक्रम सञ्चालन गर्दा कम्तिमा पनि ठूला पशु १०० र साना पशु १००समेत गरी न्युनतम २०० पशुहरूलाई सेवा पुर्‍याउन पर्नेछ ।
- सम्बन्धित नगरपालिकाले उद्देश्य अनुरुप काम भए/नभएको अनुगमन गर्नु पर्नेछ ।
- यो कार्यक्रमको निम्न अनुसार खर्च कार्यक्रम शीर्षकमा विनियोजन भएको बजेटबाट ब्यहोर्नु पर्नेछ ।

| सि.नं. | विवरण | खर्च |
|---|---|---|
| १. | २०० पशुहरूको लागि आन्तरिक परजीविको औषधी/ भिटामिन खरिद | स्वीकृत वार्षिक कार्यक्रम बजेटको परिधिभित्र रही बाणगङ्गा नगरपालिकाबाट स्वीकृत भएको तालिम, गोष्ठी लगायतका कार्यक्रमहरूको आर्थिक नर्मस अनुसार हुने |
| २. | प्रचार/प्रसार तथा कार्यक्रम सञ्चालनको लागि व्यवस्थापन खर्च | |
| ३. | कार्यक्रममा सहभागीहरू (२० जना)को खाना/ खाजा खर्च | |
| ४. | इन्धन स्टेसनरी, रिऐजेन्ट खरिद, दैनिक भ्रमण भत्ता तथा अन्य खर्च | |
| ५. | कार्यक्रम अनुगमन खर्च | |
| | कुल जम्मा | |

८.२.१.२ बाह्य परजीवि नियन्त्रण कार्यक्रम :

- यो कार्यक्रम सञ्चालन गर्न आन्तरिक परजीवि नियन्त्रण प्रदर्शनी गोबर परीक्षण तथा Drenching

बाहेकका कार्यविधि अपनाई वर्षको २ पटक (अश्विन/ चैत्रमा) mass Depping/ Sprey गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

८.२.१.३ खोरेत रोग नियन्त्रण कार्यक्रम :

- यो कार्यक्रम पशु सेवा शाखाले वडा कार्यालयको सहभागीतामा सञ्चालन गर्नु पर्नेछ ।
- नगरपालिकाको डेरी पकेट, बङ्गुर पकेट एरियामा प्राथमिकताका साथ सञ्चालन गर्नु पर्नेछ
- सो क्षेत्रमा उन्नत र स्थानीय जातका गाई/भैसी/बङ्गुरहरुमा अनिवार्यरूपले निम्न तालिकामा उल्लेख भए बमोजिम खोरेत विरुद्ध भ्याक्सिनेसन गर्नु पर्नेछ ।
- शाखाले खोरेत रोग विरुद्ध भ्याक्सिनेसन गरिएका पशुहरूको अभिलेख राख्ने ।
- नयाँ जन्मेका वा आयातित बाच्छा/बाच्छी, पाडा/पाडी, गाई, भैसी र बङ्गुरलाई खोप तालिका अनुसार भ्याक्सिनेसन गर्नु पर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्न खर्च गर्ने आधारहरू :

  क) जनावर सङ्ख्या : पकेटका सबै ठूला पशुहरू

  ख) खोरेत भ्याक्सीन र डिस्पोजेबल सिरिन्ज : पटकै पिच्छे १ डोज १ थान

  ग) दैनिक भ्रमण भत्ता, खोप प्रमाण-पत्र, इन्धन, सहभागीहरूको खाना र खाजा खर्च

  घ) भ्याक्सीनको मूल्य
- उपर्युक्त खर्चहरू कार्यक्रम शीर्षकमा विनियोजन भएको बजेटबाट खर्च गर्नु पर्नेछ ।

खोप तालिका :

| भ्याक्सीन | बाच्छा/बाच्छी र पाडा/पाडी | वयस्क |
|---|---|---|
| पहलो पटक | ४ महिनाको उमेरमा | जुनसुकै उमेरमा |
| बुस्टर | ३—४ हप्ता पछि | ३—४ हप्ता पछि |
| बुस्टर पछि | प्रत्येक ६ महिनामा | प्रत्येक ६ महिनामा |

८.२.२ पशु स्वास्थ्य शिविर (बाँझोपन निवारणसमेत)

परिचय:

विभिन्न रोगहरूका कारण पशुपंक्षीहरूको मृत्यु हुनाको साथै उनीहरूको उत्पादकत्वमा ह्रास आई पशुपालन कार्यमा कृषकहरुको ठूलो आर्थिक क्षति ब्यहोर्नु परिरहेको छ । अर्कोतिर व्यवसायिक पकेटमा बढिरहेको उन्नत नश्लका गाई भैंसीहरूमा बाँझोपनको समस्या बढिरहेको देखिन्छ । यी रोगहरूको निदान गरी प्रभावकारी उपचार र नियन्त्रण सेवा पुर्‍याउन सकेमा कृषकहरूले पशुपंक्षीहरूबाट स्वस्थ्यकर र उचित उत्पादन लिन सक्ने देखिन्छ । तसर्थ यस्ता शिविरहरूले पशु स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्नको साथै रोग निदान, उपचार र नियन्त्रणमा अहम् भूमिका खेल्न सक्ने विश्वास लिन सकिन्छ ।

उद्देश्य :

- व्यवसायिक पकेटको क्षेत्रका पशुहरूमा भएको बाँझोपन, उल्टिने समस्याहरू समाधान गरी उत्पादन क्षमतामा वृद्धि गर्ने ।

- पशु सेवा शाखाको पहुँचभन्दा टाढा रहेको कुनै पनि सम्भाव्य स्थानमा कृषकहरूलाई दक्ष पशु चिकित्सा सेवा उपलब्ध गराउने र पशु स्वास्थ्य सम्बन्धी जनचेतना बढाउने ।

कार्यविधि :

- पशुसेवा शाखाले आफ्नो स्वीकृत लक्ष्य अनुसार शिविर सञ्चालन हुने मिति तोकी रेडियो, पोष्टर, पम्पलेट, लिफलेट आदिको माध्यमबाट व्यापक प्रचार प्रसार गर्नु पर्नेछ ।
- शिविर सञ्चालन हुनु अगावै शिविर सञ्चालन हुने मिति र स्थानबारे सम्बन्धित निकायहरूलाई जानकारी दिनु पर्नेछ ।
- नगरपालिका स्थित औषधी विक्रेता, दाना विक्रेता, डिपो, गैरसरकारी संघ संस्था आदिलाईसमेत सहभागी हुन अनुरोध गरी सहयोग लिनु पर्नेछ ।
- पशु स्वास्थ्य शिविर सञ्चालन गर्न कम्तिमा पनि २ जना पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकहरूलाई सहभागी गराउनु पर्नेछ ।
- शिविर सञ्चालनमा स्वीकृत कार्यक्रम बजेट अनुसार खर्च गर्नु पर्नेछ ।
- एउटा शिविरमा ठूला पशु भए कम्तिमा १०० र साना भए २०० सङ्ख्यालाई सेवा पुर्‍याउन पर्नेछ ।
- पशु सेवा शाखाको स्वीकृत लक्ष्य बाहेक अन्य संघ/संस्था वा वडा कार्यालयहरूबाट यस्ता शिविरको सञ्चालनार्थ माग भइ आएमा आफ्नो कार्यक्रममा बाधा नपर्ने गरी संघ/संस्थाको खर्चमा प्राविधिक सेवा शाखाले पुर्‍याउन आवश्यक सहयोग गर्नु पर्नेछ ।

८.२.३ दिवसहरू मनाउने

परिचय:

पशु सेवासँग सम्बन्धित विभिन्न बिश्व दिवसहरू (रेबिज, भेटेरीनरी, दुग्ध, पशुपन्छी आदि दिवस/महोत्सवहरू)को आयोजना गरी मनाउनु पर्नेछ ।

उद्देश्य

- भेटेरीनरी पेसाको महत्वबारे जनचेतनामा अभिवृद्धि गर्ने ।
- पशुजन्य पदार्थहरूको स्वच्छ र स्वस्थ्य उत्पादनको सेवन बारे जनचेतना जगाउने ।
- विभिन्न जुनोटिक रोगहरूको बारेमा जनचेतनामा अभिवृद्धि गर्ने ।

कार्यविधि :

- दिवस/महोत्सवलाई प्रभावकारी बनाउन सरोकारवालाको बैठक बोलाई आवश्यक छलफल, पूर्ब तयारी र जिम्मेवारी बाँडफाँड गर्ने ।
- रेबिज रोग लगायत अन्य जुनोटिक रोग नियन्त्रण कार्यका जिम्मेवार / सरोकारवाला निकायहरू जस्तै: नगरपालिकाका वडा कार्यालयहरू, जनस्वास्थ्य शाखा, शिक्षा शाखा, पशु स्वास्थ्य सम्बन्धी कार्यमा संलग्न सरकारी तथा गैंह्र सरकारी संघ/संस्था र स्थानीय क्लबहरूको संयुक्त सहभागीतामा कार्यक्रम सञ्चालन गर्ने ।

- सञ्चालन गर्ने कार्यक्रमहरू स्थानीय आवश्यकता अनुसार तपसिलमा उल्लिखितमा थपघट गर्न सकिने छ ।
- पशु सेवा शाखाले आफ्नो वार्षिक स्वीकृत कार्यक्रममा बजेट ब्यवस्था गरी विभिन्न दिवस/ महोत्सवहरूको आयोजना गर्नेछ ।

कार्यक्रमहरू :

क) नारा अङ्कित ब्यानर, तुल आदिबाट जनचेतना अभिवृद्धि गर्ने ।

ख) नारा अङ्कित छाप बनाई सप्ताह अवधि भर शाखाबाट चलान गरिने पत्रहरूमा छाप लगाउने ।

ग) पोस्टर, पम्फलेट छपाई वितरण गर्ने ।

घ) स्थानीय पत्र पत्रिकामा यस सम्बन्धी लेखा प्रकाशन गर्ने ।

ङ.) दिवस/महोत्सवमा प्रति दिवसमा ६० जनाको सहभागीता हुने तथा खर्च गर्ने आधारहरू देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | दिवसका लागि आवश्यकता अनुसार सवारी साधन र अन्य साधन भाडामा लिन | स्वीकृत वार्षिक कार्यक्रम बजेटको परिधिभित्र रही बाणगङ्गा नगरपालिकाबाट स्वीकृत भएको तालिम, गोष्ठी लगायतका कार्यक्रमहरूको आर्थिक नर्मस अनुसार हुने |
| २. | इन्धन तथा बिद्युत्तीय सामग्री खरिद वा भाडामा लिन | |
| ३. | सजावटका सामग्रीहरू तुल, ब्यानर, पोष्टर छपाई | |
| ४. | दिवस/महोत्सवमा संलग्न हुनेहरूको चिया, खाजा, खाना, स्टेसनरी आदि | |
| ५. | अन्य विविध खर्च | |
| | जम्मा | |

९. इपिडिमियोलोजिक रिपोर्टिङ्ग

परिचय :

पशुपंक्षीहरूमा पाइने आर्थिक दृष्टिको णले महत्वपूर्ण रोगहरू, जनस्वास्थ्यसँग प्रत्येक्ष सरोकार राख्ने रोगहरू र अन्य रोगहरूको यर्थाथ अध्ययन गरी प्रभावकारी नियन्त्रण, उन्मुलन र कार्यान्वयनको कार्यक्रम तर्जुमा गर्न त्यससँग सम्बन्धित तथ्याङ्कको महत्वपूर्ण भूमिका हुन्छ । यस कारण शाखाबाट इपिडिमियोलोजिकल सर्भेलेन्स फारम अनुसारको सूचना सङ्कलन गरी रोगको स्थिती, रोग निदानको स्थिती, रोग नियन्त्रणको स्थिती तयार गरी भावी कार्ययोजना तयार गर्न आवश्यक देखिन्छ ।

उद्देश्य :

पशुहरूको उपचार, इपिडेमिक नियन्त्रण, रोग निदान अन्य रोग नियन्त्रण तथा विश्व पशु स्वास्थ्यसङ्गठन

(OIE) ले तोकेको मापदण्ड र समय अनुसार पशु स्वास्थ्य सम्बन्धी सूचना अनिवार्य रुपमा उपलब्ध गराउन आवश्यक भएकोले नियमित तथ्याङ्क सङ्कलन गर्ने ।

कार्यविधि :

- पशु सेवा शाखाले मासिकरुपमा नगरपालिकाभित्र फैलिएका महामारी रोग (खासगरी पटके, पि.पि.आर, खोरेत, ब्लुटङ्ग, स्वाइन फिभर र एभियन ईन्फल्युनजा)को शङ्का लागेमा Disease Recognition Manual मा दिए अनुसारको महामारी रोग (Out break) रिपोर्टिङ्ग फर्मेट भरी सम्बन्धित निकायहरूमा पठाउनुको साथै छिटो साधनद्वारा जानकारी गराउनु पर्नेछ ।
- मासिक इपिडेभिमोलोजिकल सर्भिलेन्स रिपोर्ट अनिवार्यरुपमा Disease Recognition Manual मा दिईएको फर्मेट अनुसार नगरपालिकाभित्र देखापरेका रोगहरूको निम्न अनुसारको विवरणहरू उपलब्ध गराउनु पर्नेछ ।
- हरेक महिना गरिएको पशुपंक्षीको उपचार र भ्याक्सिनेसन विवरण ।
- प्रभावित वडा सङ्ख्या ।
- प्रभावित पशु सङ्ख्या ।
- मरेको पशु सङ्ख्या ।
- भ्याक्सीन गरेको पशु सङ्ख्या ।
- उपचार गरेको सङ्ख्या ।
- भ्याक्सीन बाहेक रोग नियन्त्रण तथा रोकथाम गर्न अन्य उपाय अपनाइएको भए सोको विवरण ।
- माथि उल्लेख भए अनुसारको मासिक इपिडिभियोलोजिकल रिपोर्ट भर्दा कुनै रोग विरुद्ध भ्याक्सिनेसन मात्र गरिएको भए उक्त रोगको भ्याक्सिनेसन भन्ने हरफ (Column) मा भ्याक्सिनेसन गरेको सङ्ख्या जनाई अन्य हरफ (Column) खाली राख्ने ।
- महामारी रोग फैलिएको अवस्थामा सोको सूचना तत्काल सम्बन्धित निकायहरूमा दिनु पर्नेछ । यस्ता सूचना पठाउँदा पशु सेवा शाखामा प्राप्त जानकारीको विश्वसनियता र सत्यता जाँचेर, प्रारम्भिक अन्वेषण गरी सत्य तथ्य जानकारी दिनु पर्नेछ । यस्तो सूचना फोन र फ्याक्स जस्ता सञ्चारका साधनद्वारा मौखिक तथा लिखितरुपमा दिनु पर्नेछ । यस कार्यको अनुगमन पशु सेवा शाखाले गर्नु पर्नेछ ।
- उपर्युक्त कार्यहरू सम्पन्न गर्दा लाग्ने इन्धन, दैनिक भ्रमण भत्ता, फर्मेट छपाई तथा अन्य खर्चहरू इपिडिमियोलोजिकल सर्भेलेन्स तथा रिपोर्टिङ्ग शीर्षकमा विनियोजित भएको बजेटबाट खर्च ब्यहोर्नु पर्नेछ ।

१०. पशुपंक्षी तथा पशुजन्य पदार्थहरूको तथ्याङ्क सङ्कलन तथा प्रेषण

१०.१ बजार मूल्य सूचना सङ्कलन तथा प्रेषण

परिचय :

पशुपंक्षी तथा पशुजन्य उत्पादनको क्षेत्रगत व्यवसायिक परिमाण, बजारवस्तु स्थिती तथा गतिविधि र थोक बजार मूल्य बारे आवधिक बुलेटिन, पम्फलेट तथा आम सञ्चारका माध्यमहरूमार्फत यस क्षेत्रसँग

सरोकार राख्ने कृषक, व्यवसायी, उद्यमी, सरकारी तथा गैह्र सरकारी संघ संस्था एवम् सर्व साधारण उपभोक्तामा सुसुचित गराउने कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

१०.२ पशुपंक्षि तथा पशुजन्य पदार्थ (दुध, मासु र फुल)को तथ्याङ्क सङ्कलन र प्रेषण परिचय :

नगरपालिकाभित्र रहेको पशुपन्छी तथा पशुजन्य पदार्थहरूको तथ्याङ्क सङ्कलन गरी नगरपालिकाभित्र आवश्यक पर्ने दुध मासु र फुलको आवश्यकतालाई अध्ययन गरी भावी कार्ययोजना निर्माण गर्न आवश्यक देखिन्छ ।

तथ्याङ्क सङ्कलन कार्यविधि :

कुनै पनि तथ्याङ्क सङ्कलन गर्दा स्याम्पल सङ्ख्या जति धेरै भयो उती गल्ती कम हुने र तथ्याङ्क त्यति सही हुने भएता पनि नियमितरुपमा ठूलो सङ्ख्यामा स्याम्पल सङ्कलन गरी तथ्याङ्कको अनुमान गर्न ठूलो रकमको आवश्यक पर्ने हुँदा पशु सेवा शाखाबाट नियमितरुपमा कम खर्चमा तथ्याङ्क सङ्कलन गर्ने विधिको विकास गरिएको छ ।

तथ्याङ्क सङ्कलन गर्न आवश्यक न्युनतम आधारहरू :

- तथ्याङ्क सङ्कलन गर्ने स्थानमा व्यवसायिक पशुपन्छी फर्म हुनुपर्ने ।
- पशुपालक कृषक/समूह/समिति/सहकारी हुनुपर्ने ।
- प्रत्येक वडाहरूबाट न्युनतम ३० कृषक परिवारको तथ्याङ्क सङ्कलन गर्ने ।
- ३० परिवारमध्ये १० परिवार समूहभित्र र २० परिवार समूह बाहिरको लिने ।
- समूहभित्र तथा बाहिरका कृषकहरूलाई निम्न आधारमा ठूलो मध्यम र साना कृषकहरूमा छुट्याउने ।

ठूला कृषक :

| पशुपन्छी पालेको सङ्ख्याको आधारमा | | | | घरको किसिम | | जोत्ने साधन | |
|---|---|---|---|---|---|---|---|
| गाई/भैसी | भेडा/बाख्रा | बङ्गुर/सुंगुर | हांस/कुखुरा | पक्की | | गोरु २ जोडा माथि | |
| ५ माउ माथि | २० माउ माथि | ५ माउ माथि | २०० सं. माथि | ढलान गरेको | | पावर टिलर | |
| | | | | टिनले छाएको | | टेक्टर | |

मध्यम स्तरीय कृषक :

| पशुपन्छी पालेको सङ्ख्याको आधारमा | | | | घरको किसिम | | जोत्ने साधन | |
|---|---|---|---|---|---|---|---|
| गाई/भैसी | भेडा/बाख्रा | बङ्गुर/ सुंगुर | हांस/कुखुरा | टिनले छाएको | | गोरु १ जोडा माथि | |
| २—४ माउ | ५–१९ माउ | २—४ माउ | १००–१९९ सं. | टयालको छाना | | | |

साना कृषक :

| पशुपन्छी पालेको सङ्ख्याको आधारमा | | | | घरको किसिम | | जोत्ने साधन | |
|---|---|---|---|---|---|---|---|
| गाई/भैसी | भेडा/बाख्रा | बङ्गुर/ सुंगुर | हांस/कुखुरा | टिनको छाना | | हाते औजार मात्र | |
| १ माउ | १–४ माउ | १ माउ | १–९९ सङ्ख्या | घरै नभएको | | | |

माथि दिइएका आधारहरूमा वडाका प्रतिष्ठित कम्तिमा ३ व्यक्तिहरू (वडा अध्यक्ष लगायत अन्य बुद्धिजीवीहरू) सँग सोधपुछ गरेर संम्पूर्ण समूहभित्र तथा बाहिरका कृषक परिवारहरूलाई उपर्युक्त ३ वर्गमा विभाजन गरी जनसङ्ख्या तालिका बनाउने र तथ्याङ्क सङ्कलनको लागि नमुना कृषकहरू गोलाप्रथाबाट छनोट गर्ने । कृषकहरूलाई वर्गीकरण गर्दा माथि उल्लेख गरिएका आधारहरू एकले अर्कालाई क्रस चेक गरेर वर्गीकरण गर्दा राम्रो हुन्छ ।

- ठूला कृषकहरू : समूहभित्रबाट २ र बाहिरबाट ४ कृषक
- मध्यम कृषकहरू : समूहभित्रबाट ३ र बाहिरबाट ६ कृषक
- साना कृषकहरू : समूहभित्रबाट ५ र बाहिरबाट १० कृषक
  यदि ठूला कृषकहरू नभएको अवस्थामा मध्यम र साना कृषक समूहहरू क्रमश : १० र २० जवान माथि उल्लिखित अनुपातमा कृषक परिवारहरू छनोट गर्ने ।
- यसरी कृषक परिवारहरू छनोट गरी सकेपछि आवश्यक तथ्याङ्कहरू जस्तै पशुपन्छी सङ्ख्या तथा उत्पादन (दुध, फुल, मासु) पारीवारिक खपत र बिक्रीप्रति परिवार तथ्याङ्क छुट्टा छुट्टै समूहभित्र र बाहिर सङ्कलन गर्ने र समूहभित्र र बाहिरको अलग अलग सरदर निकाल्ने
- समूहभित्रका कृषकहरूलाई अग्रिमरुपमा तथ्याङ्क सङ्कलन फारम उपलब्ध गराई भर्न लगाएर पछि सङ्कलन गर्न पनि सकिने छ ।
- समूह/समिति तथा फर्मभित्रका परिवारहरूको सङ्ख्या शाखासँग अद्यावधिक हुने हुँदा सो बाहिरका परिवार सङ्ख्याको हकमा वडा कार्यालयको मतदाता नामावलीबाट सङ्कलन गर्ने
- उक्त सरदरले सम्पूर्ण समूह/समिति/फर्मभित्र र बाहिरका कृषकहरूको छुट्टाछुट्टै गुणना गरी तथ्याङ्क प्रक्षेपण गर्ने, यसरी आएको कूल तथ्याङ्क जोडेर एकमुस्ट तथ्याङ्क शाखाले प्रक्षेपण गर्ने ।
- शाखाले नगरपालिका भरिको तथ्याङ्क निकाल्दा तथ्याङ्क सङ्कलनमा छनोटमा परेका सम्पूर्ण समूह/ समिति/फर्म र समूह बाहिरका कृषक परिवारको छुट्टाछुट्टै सरदर निकालेर समूह/ समिति/फर्मभित्र र बाहिरको अलग अलग तथ्याङ्क निकाली दुवैलाई एकमुस्ट जोडेर निकाल्नु पर्नेछ ।
- शाखाले तथ्याङ्क प्रक्षेपण गर्दा नगरपालिका क्षेत्र अन्तर्गत रहेका ठूला पशुपन्छी फर्महरूमा रहेका पशुपन्छी सङ्ख्यालाई समावेश गर्नुपर्नेछ । साथै नमुनामा नपरेका कुनै पशुजन्य उद्योगहरू भएमा सोसमेतको विवरण समावेश गर्नुपर्नेछ ।
  उद्देश्य:
  नगरपालिका क्षेत्रभित्र लाग्ने हाटबजारहरूबाट मासिकरुपमा पशु तथा पंशुजन्य पदार्थहरूको

फुटकर तथा थोक मूल्यको सूचना सङ्कलन गरी प्रेषण गर्ने ।

कार्यविधि :

- पशु सेवा शाखाले नगरपालिकाभित्र लाग्ने हाट बजारहरूबाट मासिकरुपमा पशुपन्क्षी तथा पशुजन्य पदार्थहरूको थोक तथा फुटकर मूल्यको सूचना सङ्कलन अनिवार्य रुपले गर्ने ।
- सङ्कलन गरिएको सूचना सम्बन्धित निकायहरूमा नियमित पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।
- त्यसै गरी नगरपालिकाभित्र पशुपंक्षी तथा पशुजन्य पदार्थहरूको आयात निर्यात विवरणसमेत सङ्कलन गर्नु पर्नेछ ।
- यस कार्यको लागि यस शीर्षकमा विनियोजन भएको बजेटबाट इन्धन, फर्मेट, दैनिक भ्रमण भत्ता तथा सञ्चारमा खर्च गर्न सकिनेछ ।

११. पशु सेवा तालिम तथा प्रसार कार्यक्रम

११.१ पशु सेवा सम्बन्धी तालिम कार्यक्रम :

परिचय :

पशुपालन व्यवसाय तथा पशुजन्य उद्योगहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नवीनतम प्रविधिहरू व्यवसाय तथा उद्यमीहरूसमक्ष समयमा पुग्न तथा तिनको उचित ग्रहण हुन जरुरी छ । यस्ता प्रविधिहरूलाई प्रभावकारी रुपमा सम्बन्धित व्यक्ति तथा संस्थामा पुर्‍याउनको लागि पशु सेवासँग सम्बन्धित तालिम कार्यक्रमको तर्जुमा गरिएको हो ।

उद्देश्य :

कृषकस्तर तालिम :

- तालिमका सहभागीहरुलाई पशुपालन व्यवसाय तथा पशुजन्य उद्योग सञ्चालन सम्बन्धी नवीनतम र उपयुक्त प्रविधिहरू बारे ज्ञान र सिप प्रदान गर्नु ।
- पशु सेवासँग सम्बन्धित नवीनतम ज्ञान र सिपको बारेमा अवगत गराई प्रविधि ग्रहणमा सहयोग पुर्‍याउनु ।
- पशु सेवा प्रसार कार्यक्रममार्फत कृषक, कृषक समूह, व्यवसायी तथा सहकारीको विकासमा सहयोग पुर्‍याउनु ।

कार्यविधि :

तालिम कार्यक्रमको तयारी :

- स्वीकृत कार्यक्रम प्राप्त भएपछि तालिमको व्यवस्थापन पशु सेवा शाखाले गर्नेछ ।
- कुनै पनि तालिम कार्यक्रम सुरु हुनुभन्दा १ हप्ता अगाडि सहभागीहरूको नामावली सङ्कलन गर्नुपर्ने र ३ दिन अगाडि सम्बन्धित तालिमका सहभागीहरुलाई आमन्त्रीत गरी सक्नुपर्ने ।
- तालिम सुरु हुनुभन्दा २ दिन अगाडि तालिमको समय सारणी तयार गर्ने र प्रशिक्षकहरूको व्यवस्था गर्नुपर्ने ।
- तालिम हुनुभन्दा १ दिन अगाडि तालिम सामग्रीहरूको खरिद एवम् व्यवस्था गर्नुपर्ने ।

तालिम सञ्चालन अवधिमा गर्नुपर्ने कार्यहरू :

- तालिम सञ्चालन हुने तालिम कक्षको बारेमा प्रशिक्षार्थीहरूलाई जानकारी दिने ।
- पूर्ण विवरणसहितका समय सारणी तालिम हलमा टाँस गर्ने ।
- तालिम सञ्चालन अवधिमा तालिम मूल्याङ्कन सम्बन्धमा अनिवार्य रुपमा प्रशिक्षार्थीहरूलाई जानकारी गराउने ।
- कृषकस्तर तालिम कार्यक्रममा १.५ घन्टाको १ सेसन गर्ने र दिनमा ४ सेसन गर्ने ।
- प्रशिक्षण गरिएको कार्यपत्र प्रशिक्षार्थीहरूलाई तालिमको अन्तिम दिन अनिवार्यरुपमा वितरण गर्ने ।

तालिम समाप्ति पछि गर्नुपर्ने कार्यहरू :

- तालिम सम्पन्न भैसकेपछि तालिम सम्बन्धी प्रतिवेदन पशु सेवा शाखाले तोकेको कर्मचारीले तयार गर्नु पर्नेछ ।
- प्रतिवेदनमा निम्न विवरणहरू राख्नुपर्नेछ ।

१. तालिमको नाम :

२. तालिमको स्तर :

३. तालिम सञ्चालन अवधि :

४. तालिम सञ्चालन स्थान :

५. प्रशिक्षार्थीको विवरण :

| सि.नं. | नामथर | ठेगाना | उमेर | लिङ्ग | शैक्षिक योग्यता | सञ्चालन गरेको फार्म वा व्यवसाय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

६. तालिममा प्रयोग भएको समय तालिका :

७. तालिम मूल्याङ्कनमा प्रयोग गरिएका प्रश्नावलीहरू :

८. Pre-Test र Post-Test गरेको भए सो प्रश्नावलीको १ प्रति

९. तालिम मूल्याङ्कनको निश्कर्ष :

१०. तालिम प्याकेजमा विनियोजित बजेट र लागेको खर्च विवरण :

११. सुधारात्मक सुझाव :

११.२ तालिम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन :

उद्देश्य :

- तालिमको प्रस्तुतिकरणलाई प्रभावकारी बनाउन प्रशिक्षकले प्रयोग गरेका विधि तथा सामग्रीहरूको प्रभावकारीता पत्ता लगाउन ।
- प्रशिक्षकहरूको प्रस्तुतिकरणको विश्लेषण गरी सुधारका क्षेत्रहरू पत्ता लगाउन ।

- तालिममा छलफल भएको विषयवस्तुहरुको सान्दर्भिकतालाई सहभागीहरूबाट पुष्टि गर्न ।

कार्यविधि :

- पशु सेवा शाखाले सञ्चालन गरिने विभिन्न तालिम कार्यक्रमहरूको अनुगमनलाई व्यवस्थित गर्न नगरपालिकाबाट जिम्मेवार पदाधिकारीले वा निजले तोकेको कर्मचारी वा निर्वाचित जनप्रतिनिधिहरू मध्येबाट अनुगमन गर्ने ।
- तालिम अनुगमन गर्ने क्रममा सम्पूर्ण सेसनको कम्तिमा १६ प्रतिशत सेसनको अनुगमन हुनु पर्नेछ ।
- अनुगमनकर्ताले अनुगमन तथा निरीक्षणको क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरूलाई तालिम व्यवस्थापन निकायलाई सुझाव सल्लाह दिनुका अतिरिक्त अनुगमन प्रतिवेदनमा पनि समावेश गर्नुपर्नेछ ।

तालिम अनुगमन गर्दा समावेश गर्नुपर्ने बुँदाहरू :

१. तालिमको नाम :

२. तालिमको स्तर :

३. तालिम सञ्चालन अवधि :

४. तालिम संयोजकको नाम :

५. तालिम सहायकको नाम :

६. सहभागी सङ्ख्या :

| लैङ्गिक सहभागीता | | जातिगत सहभागीता | | |
|---|---|---|---|---|
| पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | |

७. खाजा र चिया व्यवस्थापन

| समय | स्थान |
|---|---|
| | |

८. तालिम कार्यक्रमको अनुगमनकर्ताले आवश्यक ठानेका अन्य विषयवस्तुहरू :

- तालिमका सहभागीहरूलाई कति दिन पहिले आमन्त्रण गरेको हो
- प्रशिक्षकहरूलाई कति दिन पहिले आमन्त्रण पत्र पठाएको

९. सेसन मूल्याङ्कनको लागि अनुगमनकर्ताले निम्न फर्मेट भर्नु पर्नेछ :

| सि.नं. | अनुगमन मिति | अनुगमन गरेको सेसन | समय | प्रशिक्षकको नाम | तालिम सामग्री | प्रशिक्षार्थी सहभागीता क.ख.ग. | प्रश्न उत्तर क.ख.ग. | सारांश क.ख.ग. | सहभागीको प्रतिक्रिया | अनुगमनकर्ताको मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विषयवस्तु लेख्ने | | | १.<br>२.<br>३. | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

क. राम्रो

ख. मध्यम

ग. समान्य

अनुगमनकर्ताको

नाम:

पद:

दस्तखत:

मिति:

१२. विविध कार्यक्रम अनुगमन तथा अन्य प्रशासनिक कार्यक्रम :–

परिचय:

पशुपन्छी तथा मत्स्य पालन क्षेत्रको नगरपालिकाभित्र विकास र विस्तार गरी पशुपालन व्यवसाय लाई व्यवसायीकरण गर्नुको साथै पशुजन्य उद्योगहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि पशु सेवा शाखा तथा नगरपालिकामा गठन भएको नगरस्तरीय पशु विकास कार्यदलबाट आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गरी पारदर्शी एवम् परिणाममुखी बनाउने छ । साथै उक्त सम्पूर्ण प्राविधिक कार्यक्रमहरूको व्यवस्थापन गर्नको लागि प्रदेश तथा संघ मातहत रहेका पशुपन्छी विकास सेवाका निकायहरूमा आवश्यकता अनुसार समन्वय र सहकार्य गरी नगरपालिका मातहत रहेको पशु सेवा शाखालाई ब्यावस्थित गर्नेछ ।

उद्देश्य:

- पशु सेवासँग सम्बन्धित कार्यक्रमहरूको आवश्यता अनुसार अनुगमन गरी कार्यक्रमलाई परिणाममुखी बनाउने ।
- पशु विकासका कार्यक्रमहरू पारदर्शी किसिमबाट सञ्चालन गर्न गराउन सहयोग गर्ने ।

- पशु सेवासँग सम्बन्धित कार्यक्रमहरूको आवश्यता अनुसार निर्देशिका, कार्यविधि तथा नर्मस तयार गर्नको लागि प्रदेश तथा संघमा रहेका पशु सेवाका विषय विशेषज्ञहरूसँग समन्वय तथा सहकार्य गरी तयार गर्नको लागि सहयोग लिने ।

कार्यविधि :

- स्वीकृत कार्यक्रम प्राप्त भएपछि कार्यान्वयन भएको कार्यक्रमको अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन पशु सेवा शाखाले गर्नेछ ।
- सञ्चालित कार्यक्रमको अनुगमनको लागि अनुगमनकर्ताहरूको नामावली सङ्कलन र कार्यक्रम सञ्चालन भएको स्थानमा पठाउनको लागि मिति र समय तोक्नु पर्ने ।
- पशु सेवा शाखाले आवश्यक पर्ने अन्य प्रशासनिक कार्यको लागि संघ/प्रदेशको सम्बन्धित मन्त्रालय वा मातहतका निकायहरूमा समन्वय गर्ने ।
- अनुगमनकर्ताले अनुगमन गरेको कार्यक्रमको प्रतिवेदन सम्बन्धित शाखालाई लिखित दिनुपर्ने
- उपर्युक्त कार्यहरूको व्यवस्थापन गर्दा आश्यक पर्ने सवारी साधन, इन्धन, दै.भ्र.भत्ता, मर्मत, कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने मसलन्द आदिको व्यवस्थापनमा हुने खर्च तथा कार्यक्रमभित्र नपरेका र पशु सेवा शाखाबाट पशुपन्छी विकासको लागि आवश्यक कार्यक्रम गर्नुपर्ने भएमा त्यस्ता कार्यक्रमहरूसमेतको खर्च स्वीकृत कार्यक्रम शीर्षकको बजेटबाट नियमानुसार खर्च गर्ने ।

विपद् व्यवस्थापनको चक्रलाई हेर्दा खासगरी यसका कार्यहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

क) विपद् अगाडि गरिने कार्यहरू :

१. संभावित घटनाका वारेमा पूर्व सूचना एवं जानकारी प्राप्त गर्नु,
२. त्यसबाट प्रभावित हुन सक्ने संभावित जनसमुदायहरूलाई पूर्व जानकारी दिनु,
३. पूर्व रोकथामका संभाव्य उपायहरू पत्तालगाउनु,
४. संभाव्य जोखिमबाट बच्ने उपाय सम्बन्धमा सर्वसाधारणहरूलाई प्रशिक्षण दिनु,
५. व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्नु,
६. रोकथाम, नियन्त्रण र राहत लगायतका विषयहरूमा योजनाबद्ध व्यवस्था गर्नु,
७. स्रोत साधन र जनशक्तिको व्यवस्था गर्नु,
८. उद्धार दलमा सम्लग्न हुने व्यक्तिलाई तालिम र प्रशिक्षण दिनु

ख) विपद् पश्चात् गर्नुपर्ने कार्यहरू

१. खोजतलास, औषधी उपचार तथा उद्धार सम्बन्धी कार्यहरू,
२. सडक, राजमार्ग आदिको क्षति तुरुन्त हटाई यातायात सुचारु गर्नु,
३. खाद्यान्न एवं पानीको व्यवस्थाका साथै संचार एवं विद्युत सेवा सुचारु गर्ने,
४. बसोवास एवं लत्ता कपडाको व्यवस्था मिलाउने,
५. आपतकालीन आर्थिक सहयोग प्रदान गर्ने,
६. विपतमापरेकाव्यक्तिलाईसल्लाहसुझावरसान्त्वनाप्रदानगरीआत्मबलवलियोबनाउने,
७. अल्पकालीन पुननिर्माण शुरु र दीर्घकालीन पुननिर्माणका लागि योजनाबद्ध प्रयासहरू थाल्ने,
८. पुननिर्माण र पुनसंरचना कार्य सम्पन्न गर्ने आदि ।,

## परिच्छेद ३
## कार्यान्वयन व्यवस्थापन

१३. कार्यान्वयन व्यवस्थापन

१. विपद्जन्य घटनाहरूको अवस्था हेरी स्थानीय समुदाय वा टोल विकास संस्था वा नगरपालिका मार्फत उद्धारको कार्य गर्ने व्यवस्था मिलाउने छ ।

२. नगरपालिकामा विपद् व्यवस्थापनका कार्यहरूलाई मार्गदर्शन गर्ने तथा कोष व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरू रहने एक समितिको गठन गरिनेछ ।

(क) नगरपालिका प्रमुख – संयोजक
(ख) नगरपालिका उपप्रमुख – सदस्य
(ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) नगरपालिकाको विपद् व्यवस्थापन समितिको संयोजक – सदस्य

(ङ) योजना शाखा प्रमुख – सदस्य सचिव

३. समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

४. समितिको नियमित वैठकमा नगरपालिकाका विपद् व्यवस्थापन समितिका सदस्यहरूलाई आमन्त्रित सदस्यको रुपमा राखिनेछ । साथै अन्य सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

५. आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

६. आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

१४. समितिको बैठक

१. समितिको बैठक कम्तीमा बर्षको दुई पटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

२. समितिको बैठक संयोजकासंग परामर्श गरी सदस्य–सचिवले बोलाउनेछ ।

३. संयोजकको अनुपस्थितिमा वैठक वस्न नसक्ने अवस्था भएमा नगर उपप्रमुखको समन्वयमा पनि वैठक वसी आवश्यक निर्णय लिन सकिनेछ ।

१५. समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ख) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(ग) कोषबाट सम्पादित कार्यहरूको प्रगति विवरण नगर कार्यपालिका तथा नगरसभामा पेश गर्ने ।

(घ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरू लगायत खर्चको व्यवस्था नगरपालिका कार्यालयबाटै मिलाउने व्यवस्था गर्ने ।

(ङ) कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने/गराउने ।

(च) कोषका लागि आवश्यक रकम जुटाउने ।

(छ) विकास साझेदार तथा विभिन्न सरकारी तथा अर्ध सरकारी निकायहरूसंग कार्यक्रमहरू उपलब्ध गराउनका लागि आवश्यक पहल गर्ने ।

(ज) दैवि प्रकोपबाट क्षति भई मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्य तथा बाटो पूल, पूलेसा र सडकको विवरण संकलन गर्ने ।

(झ) मानवीय विपत्तीमा परेका व्यक्तिलाई उपलब्ध गराउने सहयोगका मापदण्डहरू निर्धारण गर्ने ।

१६. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार:

समितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयोजकको काम, कर्तव्य र अधिकार :

१. समितिको बैठकको अध्यक्षता गर्ने ।

२. कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

३. कोष सम्बन्धी सम्पूर्ण कार्यको उत्तरदायित्व बहन गर्ने ।

४. समितिबाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

५. कार्यक्रमहरूको विवरण समयमा नै संकलन गरी राख्ने व्यवस्था मिलाउने ।

(ख) सदस्यको काम, कर्तव्य र अधिकार:

१. समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

३. कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

४. अध्यक्षको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(ग) सदस्य–सचिवको काम, कर्तव्य र अधिकार:

१. कोषको कार्यालय सञ्चालन गर्ने ।

२. बैठकको निर्णय अभिलेख गरी राख्ने ।

३. बैठकको निर्णय कार्यान्वयन गर्ने ।

४. प्रगति विवरण तयार गरी नगर कार्यपालिका र नगर सभामा पेश गर्ने ।

५. संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।

६. कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखांकन गर्ने ।

७. वार्षिक आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

## परिच्छेद–४
## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. कोषको स्थापना र खाताको व्यवस्था :

१. नगरपालिकामा एक विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ ।

२. बुँदा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :

(क) नगरसभाबाटनिर्णयभएबमोजिमविपद्व्यवस्थापनकोषकालागिविनियोजनगरिएको रकम,

(ख) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट विनियोजित रकम,

(च) अन्य स्थानीय तहबाट प्राप्त रकम,

(छ) प्रचलित कानून बमोजिम वैदेशिक श्रोतबाट प्राप्त रकम,

(च) अन्य श्रोतबाट प्राप्त रकम ।

३. समितिको निर्णयवाट तोकिएको बैकमा “विपद् व्यवस्थापन कोष” नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

१८. कोषको प्रयोग :

कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ :

क) नियमित रुपमा प्राकृतिक तथा मानवीय रुपमा पिडितहरूको व्यवस्थापन तथा सहयोगको कार्य गर्न गराउने । यसरी सहयोग उपलब्ध गराउँदा प्रकोप, विपत्तीको अवस्था र औचित्यताका आधारमा समितिले तपसिलमा उल्लेखित परिधी भित्र रही सहयोगको राशि एकिन गर्नेछ ।

तपसिल:

१. अति विपन्न तथा बेसाहारा व्यक्तिलाई औषधी उपचारका लागि
- रु. ५ हजार

२. बेसाहारा व्यक्तिको काज क्रियाको लागि
- रु. ५ हजार

३. दिर्घरोग (मुटु रोग, क्यान्सर, मृगौला फेल, मानसिक रोग आदि) लागेका विपन्न तथा बेसाहारा व्यक्तिहरूलाई
- रु. १० हजार ।

४. दुर्घटनामा परि अंगभंग भएका विपन्न परिवारका व्यक्तिहरूको उपचारका लागि चोटपटकको प्रकृतिको आधारमा
- रु. ५ हजार देखि १५ हजारसम्म ।

५. आगलागि, बाढि-पहिरो, भूक्ष्य, भुकम्पजस्ता प्राकृतिक विपद् परेमा क्षतिको मूल्याङ्कनको आधारमा
- रु.५ हजार देखि रु.२५ हजारसम्म ।

ख) अनुगमन, निरिक्षण तथा अन्य सामान्य प्रशासनिक खर्च,

ग) प्राकृतिक प्रकोप व्यवस्थापन प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व, वोधबारे जनचेतना अभिवृद्धि गराउन,

घ) विपद् व्यवस्थापन काम गर्ने संस्थाहरू बीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरिवेक्षण र अनुगमन गर्न,

ङ) सामाजिक सचेतना तथा सहभागितामूलक कार्यक्रम संचालन गर्न,

च) विपत्तिमा परेकाहरूको उद्धार र राहत प्रदान गर्न,

छ) प्राकृतिक प्रकोपमा परेका जनताको उद्धार र राहतका निम्ति प्राथमिक तहका सामाग्रीहरूको व्यवस्था गरी वितरण गर्न,

ज) तत्काल प्रकोपमा पर्ने सम्भावना भएका क्षेत्रका जनतालाई सचेत गराउन,

झ) तत्काल खतराको सम्भावना भएको क्षेत्रबाट जनतालाई सुरक्षित स्थानमा सर्न,

ञ) प्रकोपबाट क्षेतिग्रस्त संरचना र विकासका पूर्वाधारहरूको पुनर्निमाण र मर्मत सम्भार गर्न ।

१९. नपुग रकमको व्यवस्था:

रकम अभाव भई संचालित कार्यक्रमहरूमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्यता हेरी नपुग रकमका लागि नगरकार्यपालिका/नगरसभामा सिफारिश सहित पेश गर्नु पर्नेछ ।

२०. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने :

आगामी आर्थिक वर्षमा विपद् व्यवस्थापन कोषका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन नगर सभामा वजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

२१. श्रेस्ता राख्ने:

१. कार्यालयले कोषको आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

२. समितिले प्रशासनिक खर्च नगर सभावाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

३. सभाबाट उपलब्ध गराउने रकम तोकिएको क्षेत्र वाहेक अन्यत्र खर्चगर्न पाइने छैन ।

२२. खाता सञ्चालन :

कोषको खाता सञ्चालन नगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

२३. लेखापरीक्षण:

लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद—५
## विविध

२४. अनुगमन तथा मूल्यांकन

नगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन कार्यविधि बमोजिम संचालन गरिएका कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय अनुसार गरिनेछ :

(क) नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा बुदा नं १२ (२) बमोजिम गठित समितिसंग समन्वय गरी गर्नेछ ।

(ख) अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरूको जांचपास तथा फरफारक गरिनेछ ।

२५. रकम खर्च गर्ने प्रक्रिया उद्धार तथा राहत कार्यक्रम संचालन गर्दा प्रचलित ऐन तथा नियमहरूको पूर्णरुपमा पालना गर्नुपर्नेछ । नियमानुसारको विल भरपाईहरू पेश अनिवार्य रुपमा गर्नु पर्नेछ ।

२६. विवरण सार्वजनिक गर्नु पर्ने राहात, उद्धार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरूको विवरण नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

२७. संशोधन तथा बचाउ

१. यस कार्यविधिमा उल्लेखित कुराहरूमा छुट हुन गई कुनै कुरा थप घट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले गर्न सक्नेछ ।

२. यस कार्यविधिमा उल्लेख गरिएका कुराहरूका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरूका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३. यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।